नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, असार २३ गते, २०७७ साल (पूर्वअतिरिक्ताङ्क २०

भाग ५

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

सूचना

नेपाल सरकारले कोभिड-१९ को सङ्क्रमण रोकथामको लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ७०, अतिरिक्ताङ्क १०(ग) मिति २०७७।२।२८ को नेपाल राजपत्र भाग ५ तथा खण्ड ७०, अतिरिक्ताङ्क १९(क) मिति २०७७।३।१५ को नेपाल राजपत्र भाग ५ मा प्रकाशन भई संवत् २०७७ साउन ६ गतेसम्म निरन्तरता

दिईएको आदेशमा देहाय बमोजिम हेरफेर र थपघट गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. क्रमसङ्ख्या १ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक सवारी साधनबाहेकका अन्य यात्रुबाहक सार्वजनिक सवारी साधन,"

२. क्रमसङ्ख्या २ को,-

(१) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राख्नेः-

"(छ) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन (चालक बाहेक थप दुई जनासम्म र परिवारभित्रका पाँच वर्षसम्मका बालबालिका मात्र सवार हुने) र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी मोटरसाइकल,"

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) र (छ२) थप गर्नेः-

"(छ१) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने ट्याक्सी (चालकबाहेक बढीमा दुई जनासम्म र परिवारभित्रका पाँच वर्षसम्मका बालबालिका मात्र सवार हुने),"

"(छ२) काठमाडौं उपत्यकाको हकमा काठमाडौं उपत्यकाभित्र र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाभित्र मात्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक यातायात (चालकसहित सिट क्षमताको बढीमा पचास प्रतिशत यात्रु रहने, एक पङ्क्तिको सिटमा सामाजिक दूरी कायम हुने गरी एक जना मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्ने, चालक तथा सहचालकले समेत अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा

लगाउने र सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने),"

(३) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राख्नेः-

"(द) उद्योग, प्रतिष्ठान र निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सिटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसङ्क्रमित गर्ने)।"

आज्ञाले,
डा. रोशन पोखरेल
नेपाल सरकारको निमित्त सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३